२०८० फागुन २१ कार्यपालिका बैठक कक्ष बैठक संख्याः ९ /२०८०/ ८१

प्रस्तावहरुः

१. गत कार्यपालिकाका निर्णय कार्यान्वयनको समिक्षा ।

२. कार्यपालिकाको कार्यालयको सेवा प्रवाह तथा सुशासन संम्वन्धमा ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आयोजना स्वीकृत सम्वन्धमा ।

४. अमलाचौर सडकको वजेट थप सम्वन्धमा ।

५. युवा विकास केन्द्रको वजेट सम्वन्धमा ।

६. डकुमेन्ट्री निर्माण तथा भुक्तानी सम्वन्धमा ।

७. उद्यम विकास सहजकर्ता पदपूर्ति सम्वन्धमा ।

८. निर्माण व्यवसायीको घ वर्गको इजाजत सम्वन्धमा ।

९. नारी दिवस मनाउने सम्वन्धमा ।

१०. सिस्ने गाउँपालिका वडा नं १ का वडा अध्यक्षलाई आर्थिक सहयोग ।

निर्णयहरुः

१. गत कार्यालिकाको बैठकबाट पारित भएका निर्णयहरु कार्यन्वयन सन्तोस जनक भएको र विपतमा परेका व्यक्तिलाई राहत वितरण दिने सम्बन्धीका निर्णयहरु यथासिघ्र कार्यान्वियन गर्ने ।

२. पालिकाको प्रत्येक शाखागत सेवाप्रवाह सम्बन्धी छलफल गरियो ।कार्यपालिकाका विषयगत समितिले सम्बन्धित शाखागत सेवा प्रवाहको प्रतिवेदन आगामी कार्यपालिकाको बैठकमा पेश गर्ने ।

३. प्रधानमन्त्री रोजगार कार्यक्रमको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तर्फका वडागत माग गरेबमोजिम वडाबाट सिफारिस भइ आएका तपसिल बमोजिमका आयोजना स्वीकृत गरी कार्यान्वयन गर्ने ।

तपसिलः

| क स | वडा नं | योजनाको नाम | विनियोजित वजेट |
|---|---|---|---|
| १ | ३ | बागेधारा देखि बोजेरी जोड्ने सडकखण्ड ग्याविन जाली | ३,०६,०००।- |
| २ | ४ | वर्मा मन्दिर फिल्ड मर्मत | ३,१३,२००।- |
| ३ | ५ | उदेनढुङ्गादेखि बालुवा जाने गोरेटो बाटो मर्मत | १,३३,६००।- |
| ४ | ६ | चौराढीकदेखि खोलाखेतसम्म गोरेटो बाटो मर्मत | १,०७,२००।- |
| ५ | ७ | नौधारीखोलादेखि मध्यपहाडी सडक सम्म गोरेटो बाटो मर्मत | १,३३,६००।- |
| ६ | ८ | लम्पाकोट चौतारी मर्मत | १,६७,०००।- |
| ७ | ५ र ६ | घट्टेखोला काजीको घट्टदेखि रानाखेत हुँदै धाउने झोलुङ्गे पुलसम्म | ३,२०,०००।- |

रवि बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रोक्मी
गा.पा. अध्यक्ष

CamScanner

४. पोखरा जाने बाटोदेखि अमलाचौरगाउँजाने सडक स्तरउन्नती को विनियोजित बजेट भन्दा बढीको काम गर्न अतिआवश्यक भएकाले बढी बजेट तथा कामको मूल्याङकन गरी बजेट उपलब्ध भएमा भुक्तानी दिने ।

५. युवा विकास केन्द्रको बजेट दश लाख रुपैया (रु. १०,००,०००।-) मध्येबाट तपसिल बमोजिमका शिर्षकमा देहाय बमोजिमको रकम खर्च गर्ने ।

तपसिलः

क) खेलकुद सामग्री खरिद रु १५००००। अक्षरेपी एक लाख पचास हजार रुपैया मात्र

ख) भलिबल लिग रु ५०००००। अक्षरेपी पाँच लाख रुपैया मात्र

ग) मा वि स्तरिय भलिवल प्रतियोगिता रु १५००००। अक्षरेपी एक लाख पचास हजार रुपैया मात्र

घ) कर्मचारी तलव भत्ता रु २०००००। अक्षरेपी दुई लाख रुपैया मात्र ।

६. पालिका भित्रका पर्यटकिय क्षेत्र लगायत अन्य मौलिक दृष्य समावेस हुने गरी डकुमेन्ट्री निर्माण गर्ने ।यस अगाडि कार्यान्वयनमा भएको डकुमेन्ट्रीको लागत अनुसार्को भुक्तानी गर्ने ।

७. यस पालिकामा खाली रहेको उद्यम विकास सहजकर्ता एक जना तत्काल भर्ना गर्ने ।

८. तपसिल बमोजिमका निर्माण व्यवसायीले पेश गरेका कागजात अध्ययन गरी रित पुगेकाले र पालिकाको प्राविधिक जाँचबुझ समितिले दिएको सिफारिस अनुसार पनि सबै रित पुगेकोले नियमानुसार घ वर्गको इजाजत पत्र उपलब्ध गराउने ।

तपसिलः

| *क्र.स.* | *कम्पनीको नाम* | *ठेगाना* | *प्रोपराइटर* |
|---|---|---|---|
| १ | अठाले ग्रुप प्रा. लि. | सिस्ने ६रुकुम पूर्व | सुदन रेग्मी |
| २ | के कल्याण ग्रुप प्रा. लि. | सिस्ने ५रुकुम पूर्व | कविन्द्र कल्याण गौतम |
| ३ | आर. के. ए. कस्ट्रक्सन एण्ड इन्जिनियरिङ सर्भिसेस प्रा. लि. | सिस्ने ५रुकुम पूर्व | रेखा खड्का |

९. यस वर्षको नारी दिवस मनाउनका लागि प्रत्येक वडालाई १२००० अक्षरेपी बाह्र हजार रुपैया का दरले दिवस कार्यक्रम खर्च उपलब्ध गराउने ।

१०. सिस्ने गाउँपालिकाका वडा नं १ का वडा अध्यक्ष श्री रज वहादुर बुढा विगत केही महिनादेखि सिकिस्त विरामी भई उपचारको क्रममा रहेकाले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उहाँलाई उपचार खर्च सहयोग स्वरुप रु २५०००।- अक्षरेपी पच्चीस हजार रुपैया मात्र उपलब्ध गराउने ।

निर्णय प्रमाणित

२०८०/११/२१

रत्न बहादुर बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

कृष्ण रेग्मी
गा.पा. अध्यक्ष

CamScanner